नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा.परिपत्र संख्याः- ५९७ मिति :- २०७०/२/१३

श्री नेपाल राष्ट्र बैंक, बैकिङ्ग कार्यालय लगायत सम्पूर्ण कार्यालयहरु तथा इजाजतपत्रप्राप्त “क” र राष्ट्रिय स्तरका “ख” वर्गका बैंक तथा वित्तीय संस्थाहरू ।

विषय :- इ.प्रा. परिपत्र संख्याः ५८६ मा संशोधन गरिएको बारे ।

महाशय,

यस बैंकको मिति २०६९/५/२७ को इ.प्रा. परिपत्र संख्याः ५८६ को दफा ७ लाई खारेज गरी निम्न बमोजिम व्यबस्था गरिएको हुंदा सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

(७) बैंक तथा वित्तीय संस्थाहरुले एजेन्सी मौज्दातबाट आफ्नो दैनिक तरलतामा प्रतिकूल असर नपर्ने गरी बढीमा एक वर्ष वा सो भन्दा कम अवधिको कल डिपोजिट, सर्टिफिकेट अफ डिपोजिट वा यस्तै अन्य उपकरणहरुमा लगानी गर्न सक्नेछन् । सो भन्दा बढी अवधिका लागि लगानी गर्नु परेमा आफ्नो नीतिगत व्यवस्था अन्तरगत रही एजेन्सी बैंकहरुमा रहेको कूल मौज्दातबाट बढीमा ३० प्रतिशत सम्म २ वर्षे अवधि सम्मको कल डिपोजिट, सर्टिफिकेट अफ डिपोजिट वा यस्तै अन्य न्युन जोखिम भएका उपकरणहरुमा लगानी गर्न सकिनेछ ।

तर यस्तो लगानी नेपाल सदस्य रहेको क्षेत्रीय तथा अन्तराष्ट्रिय सहयोग संगठनका बिभिन्न कोषहरुको परिवर्त्य विदेशी मुद्रामा प्राप्त हुने निक्षेप सोही मुद्रामा नै यस परिपत्र बमोजिम न्यून जोखिम भएका उपकरणमा लगानी गर्न उक्त ३० प्रतिशतको सीमा लागू हुने छैन ।

भवदीय,

(लिलाप्रकाश सिटौला)
कार्यकारी निर्देशक

**बोधार्थः**

१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय व्यबस्थापन महाशाखा, सिंहदरवार, काठमाण्डौ ।
४ श्री बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
५. श्री बैंक सुपरिवेक्षण विभाग ।
६. श्री वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
७. श्री आन्तरिक लेखा परीक्षण विभाग ।
८. श्री नेपाल बैंकर्स संघ, हेरिटेज प्लाजा, काठमाण्डौ ।ललल
९. श्री डेभलपमेन्ट बैकर्स एशोसिएशन, पो.व.नं. २१०२६, अनामनगर, काठमाण्डौ ।